## पाठ ६४

१. यदि कोही मानिससँग संसारको सबै धनसम्पत्ति छ के त्यो धनले उसलाई सधैंभरिको दण्डमा पर्नबाट रोक्नसक्छ ?
- सक्दैन ।

२. त्यस धनी किसानलाई के भयो ?
- परमेश्वरले त्यसको प्राण लिनुभयो ।

३. त्यस मानिसको प्राण लिने निर्णय कसले गर्नुभयो ?
- परमेश्वर एक्लैले ।

४. सबै मानिसहरू मर्ने दिनको टुङ्गो कसले लगाउँछ ?
- परमेश्वर एक्लैले ।

५. यद्यपि त्यस धनी किसानसँग धेरै धनसम्पत्ति थियो त्यससँग के कुरा थिएन ?
- अनन्त जीवन थिएन ।

६. धनसम्पत्ति भन्दा धेरै जरुरी कुरा के हो ?
- परमेश्वरमा विश्वास र अनन्त जीवन पाउनु ।

७. धनी किसान र लाजरसको कथा कसरी साँचो कथा हो भनी हामी जान्दछौं ?
- किनभने यी दुई जना मानिसहरू वास्तवमै यस धर्तिमा बाँचेका थिए ।

८. जब कोही मर्छ तब उसको आत्मा कहाँ जान्छ ?
- कि त सोझै स्वर्गमा परमेश्वरकहाँ र क त सोझै नर्कमा जहाँ आगो र आत्मिक दण्ड भोग्नुपर्छ ।

९. के पृथ्वी र स्वर्गको बीचमा त्यहाँ कुनै प्रतीक्षा क्षेत्र छ र ?
- छैन ।

१०. पहिलो, धनी मानिसले अब्राहामसँग के सोध्यो ?
- उसले अब्राहामसँग लाजरसलाई आफूकहाँ पठाइदिन भन्यो ताकि उसले शीतल पानीमा औंला चोपेर अलकित पानी चुहाइदिओस् र उसको जिब्रोले थोरै राहत पाओस् ।

११. ती सबै जसले परमेश्वरमा विश्वास गर्दैनन् तिनीहरू मरेपछि कहाँ जान्छन् ।
- नर्कमा, आगो र आत्मिक दण्डको दहमा ।

१२. जो सबै मानिसहरू जो परमेश्वरमा विश्वास गर्छन् तिनीहरू जब मर्छन् तब कहाँ जान्छन् ?
- परमेश्वरसँग रहन स्वर्गमा ।

१३. के कुनै मानिस जो एकचोटि नर्कमा पर्छ त्यो त्यहाँबाट फुत्किन सक्छ ?
- सक्दैन ।

१४. दोस्रो धनी मानिसले अब्राहामलाई के सोध्यो ?
- धनी मानिसले भन्यो कि लाजरस गएर एकचोटि उसका भाइहरूलाई सम्झाइदेओस् ताकि उसका भाइहरूले उसले भोगेजस्तो कष्ट भोग्नु नपरोस् ।

१५. त्यसपछि अब्राहामले त्यस धनी मानिसलाई के भने ?
- अब्राहामले त्यस धनी मानिसलाई भने कि त्यसका भाइहरूसँग मोसा र अगमवक्ताहरू छन् र तिनीहरूले मोसा र अगमवक्ताहरूका कुरा सुन्नै पर्छ ।

१६. यदि हामीले सुनेनौं भने परमेश्वरको वचनमा विश्वास गरेनौं भने त्यसबाहेक अरू केही कुरा छ जसले हामीलाई बचाउन सक्छ ?
- सक्दैन ।

- येशूले उहाँ किन यस संसारमा आएको हुँ भन्नुभयो ?

आउनुस् मर्कूस १०:४५ पद पढौं ।

45 त्यसरी नै, मानिसको पुत्र सेवा लिनु होइन, तर सेवा गर्नु आएको हो । मानिसको पुत्र उनको आफ्नै जीवन दिन अनि अरू धैरै मानिसलाई बचाउँन आएको हो।”

- के येशू यस संसारमा यस हेतुले आउनुभएको हो कि हामी उहाँको निम्ति काम गरौं र हाम्रो स्वर्गको बाटो कमाऊँ ?
- होइन ।

- येशूले हामीसँग उहाँको लागि केही पनि माग्नुभएन ।

- येशूले उहाँको निम्ति हामीलाई केही पनि गर्न भन्नुभएन ।

- येशू परमेश्वर हुनुहुन्छ र उहाँलाई केही पनि चाहिँदैन ।
- येशू परमेश्वर हुनुहुन्छ र उहाँलाई जे चाहिन्छ त्यो उहाँसितै छ ।

- मानिसहरूले आफ्नो सेवा गरून् भनेर येशू यस धर्तिमा आउनुभएको होइन ।

- येशू यस संसारमा किन आउनुभएको हो भनी उहाँले भन्नुभयो ?

- मानिसहरूको सेवा गर्न र धेरै मानिसहरूको जीवनको मोल बन्नको लागि जीवन दिन ।

- जब येशू र उहाँका चेलाहरू यरिहो नाम गरेको शहरमा बसिरहनुभएको थियो उहाँहरूले एकजना अन्धो भिखारीलाई फेला पार्नुभयो ।

आउनुस् मर्कूस १०:४६ पद पढौं ।

46 उनीहरू यरीहो शहरमा आईपुगे। तब येशू आफ्ना चेलाहरू र अरू धेरै मानिसहरूसँग त्यो शहर छोड्दै हुनु हुन्थ्यो। एउटा अन्धो मानिस, बारतिमै (“तिमैको छोरो”) नाम गरेको सडकको एक छेउमा बसिरहेको थियो। त्यसले सधैँ पैसा मगिरहन्थ्यो।

- त्यस अन्धो भिखारीको नाउँ के थियो ?
- बारतिमै ।

- बारतिमैको अन्धोपनले कसरी हामी सबैको अन्धोपनको बारेमा याद गराउँछ ?

- जसरी बारतिमै अन्धो थियो त्यसरी नै सबै मानिसहरू पनि अन्धो जन्मिएका छन् ।

- कसरी सबै मानिसहरू अन्धो जन्मिएका छन् ?

- किनभने आदम र हव्वाले परमेश्वरको आज्ञा उल्ङ्घन गरे त्यसैले तिनीहरू परमेश्वरमा अन्धा भए ।

- किनभने आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे त्यसैले तिनीहरू परमेश्वरको सत्यबाट अन्धा भए ।

- किनभने सबै मानिसहरू आदम र हव्वाका दरसन्तान हुन त्यसैले सबै निसहरू अन्धा जन्मिएका छन् ।

- किनभने सबै मानिस आदम र हव्वाबाट जन्मिएको हुनाले सबै मानिस परमेश्वरको सत्यबाट अन्धा भएका छन् ।

- जसरी बारतिमै देख्न सक्दैनथ्यो त्यसैगरी हामी पनि परमेश्वरको सत्य देख्नबाट बञ्चित छौं ।

- के बारतिमै फेरि देख्न सक्नेगरी आफूले आफ्नो उपचार गर्न सक्थ्यो ?
- सक्दैनथ्यो ।

- जसरी बारतिमै आफ्नो आँखाको उपचार आफै गर्न सक्दैनथ्यो त्यसैगरी परमेश्वरको सत्य देख्नको लागि सबै मानिसहरू आफैले आफ्नो आँखाको उपचार गर्न सक्दैनन् ।

- बारतिमैलाई फेरि देख्ने बनाउन कसले मात्रै सहायता गर्न सक्थ्यो ?
- येशूले ।

- सबै मानिसहरूलाई फेरि दख्ने बनाउन कसले मात्रै सहायता गर्न सक्थ्यो ?
- येशूले ।

- जसरी येशू मात्रै बारतिमैलाई फेरि देख्ने हुन सहयोग गर्न सक्नुहुन्थ्यो त्यसरी नै येशू मात्रै परमेश्वरको सत्य मानिसहरूलाई बुझाउन हामीलाई सहायता गर्न सक्नुहुन्छ ।

- येशूले बारतिमैलाई के भनेर बोलाउनुभयो ?

आउनुस् मर्कूस १०:४७ पद पढौं ।

47 त्यस अन्धो मानिसले नासरतदेखि येशू त्यत्तैतिर आउनु हुँदैछ भन्ने सुन्यो। त्यो चिच्याउन लाग्यो, “हे येशू, दाऊदका पुत्र, कृपया मलाई मद्दत गर्नुहोस्।”

- येशूलाई बारतिमैले के भनी बोलायो ?
- दाऊका छोरा ।

- येशूलाई किन बारतिमैले दाऊदका छोरा भनेर बोलायो ?

- किनभने येशू राजा दाऊदका दरसन्तान हुनुहुन्थ्यो जसलाई परमेश्वरले उद्धारकर्ताका रूपमा पठाउँछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- बारतिमैलाई उसले आफैले आफ्नो आँखा ठीक पार्न सक्दैन भन्ने थाहा थियो ।

- बारतिमैलाई उसलाई सहयोग गर्नसक्ने व्यक्ति येशू मात्रै हुनुहुन्छ भनी थाहा थियो ।

- किनभने बारतिमैले येशूले गर्नभएका महान् आश्चर्यकर्महरूको बारेमा सुनेको थियो त्यसैले उसले येशूलाई सहयोगको लागि आग्रह गर्‍यो ।

- बारतिमैले येशूसँग उसलाई करूणा देखाउन भन्यो ।

- बारतिमैलाई ऊ आफैले उपचार गर्न सक्दैन भन्ने थाहा थियो ।
- बारतिमैलाई उसको उपचारको खर्च ऊ बेहोर्न सक्दैन भन्ने थाहा थियो ।

- बारतिमैलाई यो थाहा थियो कि यदि येशूले उसको उपचार गर्नुभयो भने यो परमेश्वरले दिनुभएको सित्तैको उपहार हुनेछ ।

- हामी सबै बारतिमै जस्तै हौं ।

- किनभने हामीले पाप गरेक छौं हामी आफैले उपचार गर्न सक्दैनौं ।

- किनभने पापको ज्याला मृत्यु हो त्यसैले हामी त्यसको उपचार गर्न सक्दैनौं ।

- यदि हामी निको भयौं भने त्यो परमेश्वरको सित्तैको वरदान हो ।

- बारतिमैले येशूलाई बोलाएपछि मानिसहरूले के भने ?

आउनुस् मर्कूस १०:४८ पद पढौं ।

48 धेरै मानसहरूले त्यस अन्धो मानिसलाई हकारे अनि चूप लाग्नु भनेर निन्दा गरे। तीनीहरूले त्यसलाई केही नबोल्नु भनि हुकूम गरे। तर त्यो अन्धो मानिस झन्-झन् चिच्याइनै रह्यो, “हे दाऊदका पुत्र मलाई मद्दत गर्नुहोस्।”

- किन मानिसहरूले बारतिमैलाई गाली गरे र उसलाई चुप रहन भने ?

- मानिसहरूले ठाने कि येशूले गरीब र अन्धो भिखारीलाई मद्दत गर्न चाहनुहुन्न होला ।

- के येशूले गरीब र अन्धो भिखारीलाई सहयोग गर्न चाहनुहुन्न भन्ने कुरा के साँचो हो ?
- होइन ।

- के येशू गरीब अन्धो भिखारीलाई सहयोग गर्न चाहनुहुन्थ्यो ?

- हो ।

- येशू हरेक मानिसलाई सहयोग गर्न चाहनुहुन्छ ।

- यद्यपि मानिसहरूले बारतिमैलाई गाली गरे र उसलाई चुप रहन भने तर बारतिमै भने निरन्तर रूपले येशूको नाउँ पुकारेर चिच्याइरह्यो ।

- बारतिमैले येशूलाई बोलाइरहेको हुनाले उहाँले पनि बारतिमैलाई बोलाउनुभयो ।

आउनुस् मर्कूस १०:४९ पद पढौं ।

49 येशू त्यँही रोकिनु भयो अनि भन्नुभयो, "त्यस मानिसलाई मकहाँ आउनु भन।" अनि तिनीहरूले त्यस अन्धो मानिसलाई बोलाए। तिनीहरूले भने, "खुशी होऊ उठ येशूले तिमीलाई बोलाउनु हुँदैछ।"

- यद्यपि बारतिमै गरीब र अन्धो थियो के येशूले उसको अवस्थाबारे विचार गर्नुभयो ?
- गर्नुभयो ।

- के परमेश्वरले सबैको वास्ता गर्नुहुन्छ ?
- गर्नुहुन्छ ।

- हरेक मानिस परमेश्वरको निम्ति महत्वपूर्ण हुनुहुन्छ ।

- हामी अग्लो होउँ कि होचो हामी परमेश्वरको निम्ति महत्वपूर्ण छौं ।
- हामी कालो होऊँ कि गोरो हामी परमेश्वरको निम्ति महत्वपूर्ण छौं ।

- हामी गरीब होऊँ कि धनी हामी परमेश्वरको निम्ति महत्वपूर्ण छौं ।
- हामी स्वस्थ होऊँ कि बिरामी हामी परमेश्वरको निम्ति महत्वपूर्ण छौं ।

- हामीसँग धेरै बुद्धि भए पनि नभए पनि हामी परमेश्वरको निम्ति महत्वपूर्ण छौं ।

- के परमेश्वरले हरेक मानिसलाई प्रेम गर्नुहुन्छ र सबै मानिसलाई बचाउन चाहनुहुन्छ ?
- हो ।

- येशूले बोलाउनभएपछि बारतिमैले के गऱ्यो ?

आउनुस् मर्कूस १०:५०-५२ पद पढौं ।

[50] त्यो अन्धो मानिस जुरुक्क उठ्यो। उसले आफ्नो वस्त्र त्यहीं फ्याँकेर, उफ्रँदै येशूकहाँ गयो।
[51] येशूले त्यस मानिसलाई भन्नुभयो, "मैले तिम्रो निम्ति के गरेको चाहन्छौ?" त्यो अन्धो मानसले जवाफ दियो, "हे गुरूज्यू म फेरि मेरो दृष्टि चाहन्छु।" [52] येशूले भन्नुभयो, "जाऊ, तिमी निको भयौ किनभने तिमीले विश्वास गर्यौ।" त्सपछि त्यस अन्धो मानिसले फेरि दृष्टि प्राप्त गर्यो, र त्यसले येशूलाई नै पछ्यायो।

- बारतिमैले येशूले आफ्नो लागि के गरिदिनुहोस् भन्ने चाह्यो ?

- बारतिमैले येशूले आफूलाई फेरि देख्नको निम्ति मद्दत गर्नुहोस् भनी चाह्यो ।

- के येशूले बारतिमैलाई फेरि देख्नको निम्ति मद्दत गर्नुभयो ?
- गर्नुभयो ।

- बारतिमैलाई येशूले उसलाई मद्दत गर्नुहुन्छ भन्ने विश्वास थियो ?
- थियो ।

- के बारतिमैलाई येशूले उसलाई मद्दत गर्न सक्नुहुन्छ भन्ने विश्वास थियो ?
- थियो ।

- के येशूले बारतिमैलाई फेरि देख्न मद्दत गर्नुभयो ?
- गर्नुभयो ।

- येशूले भन्नुभयो किनभने बारतिमैले विश्वास गर्‍यो अब बारतिमै देख्नको लागि योग्य भयो ।

- येशूले बारतिमैलाई तुरुन्तै देख्न सक्ने खुबी दिनुभयो ।

- बारतिमैले फेरि देख्ने बनाउन सक्ने बनाउनसक्ने को मात्रै हुनुहुन्थ्यो ?

- येशू ।

- केवल येशू मात्रै अन्धो मानिसलाई देख्नसक्ने बनाउन सक्नुहुन्छ ।

- किनभने येशूले हामी सबैलाई बनाउनुभयो त्यसैले परमेश्वर एक्लै हामीलाई देख्नसक्ने बनाउन सक्नुहुन्छ ।

- जब येशू र उहाँका चेलाहरू जेरूशेलमको नजिक हुनुहुन्थ्यो येशूले उहाँका चेलाहरूलाई के भन्नुभयो ?

आउनुस् मर्कूस ११:१-६ पद पढौं ।

येशू अनि उहाँका चेलाहरू यरूशलेम पुग्नै लागेका थिए। जैतून डाँडामा भएको बेथफागे र बेथानी शहरमा उनीहरू आइपग्नुभयो। त्यहाँ येशूले आफ्नो दुइजना चेलाहरूलाई केही गर्न भनी पठाउनु भयो। [2] येशूले चेलाहरूलाई भन्नुभयो, "शहरमा जाऊ अनि त्यहाँ देख्नेछौ। जब त्यहाँ पुग्नछौ, तिमीहरूले त्यहाँ एउटा गधालाई साङ्गलोले बाँधेर राखेको पाउनेछौ। त्यो गधामाथि अहिलेसम्म कोही चढेकोछैन त्यो गधालाई फुकालेर मकहाँ ल्याऊ। [3] यदि कसैले त्यो गधालाई कहाँ लगिरहेको छौ भनेर सोधे भने त्यसलाई भनिदिनु, 'स्वामीलाई यो आवश्यकता छ। उहाँले त्यसलाई फेरि चाँडै फर्काइदिनुहुन्छ।' [4] चेलाहरू शहर पुगे। तिनीहरूले त्यहाँ बाहिर गल्लिमा एउटा घरको ढोकाको छेउमा एउटा जवान गधालाई बाँधेर राखेको पाए। चेलाहरूले गधालाई फुकाले। [5] त्यहाँ उभिरहेका केही मानिसहरूले यी सब देखे, तिनीहरूले सोधे, "तिमीहरूले यो के गर्दैछौ? त्यो गधालाई त्यहाँबाट किन फुकाईरहेछौ?" [6] चेलाहरूलाई येशूले भन्नु भए झैं उत्तर दिए। मानिसहरूले ती चेलाहरूलाई गधा दिन अनुमति दिए।

- येशूले आफ्ना चेलाहरूमध्ये दुईजनालाई के आज्ञा दिनुभयो ?

- अर्को गाउँमा जाओ र एउटा बाँधेको गधा फुकाएर ल्याओ र येशूको निम्ति त्यो फुकाएर ल्याओ ।

- के येशूले गधा चोरी रहनुभएको थियो ?
- होइन ।

- तिनीहरूले त्यस गधालाई फिर्ता ल्याइदिनेछन् भनेर भन्नु भनी येशूले भन्नुभयो ।

- त्यसकारण चेलाहरू अर्को गाउँमा गए, गधा फेला पारे र येशूको निम्ति त्यो ल्याए ।

- जब चेलाहरू गधासहित फर्कि आए तब के भयो ?

मर्कूस ११:७-१० पद पढौं ।

[7] त्यसपछि चेलाहरूले येशूकहाँ गधा पुर्याए। तिनीहरूले आफ्ना वस्त्रहरू गधामाथि चढाए अनि येशू
त्यसमाथि वस्नु भयो। [8] अनेकौं मानिसहरूले सडकमा येशूको निम्ति भनेर आफ्ना वस्त्रहरू
ओछ्याए। कतिजनाले रुखका हाँगाहरू काटेर सडकमा ओछ्याए। [9] केही मानिसहरू येशूको अघि-
अघि हिँडदै थिए। केही मानिसहरू उहाँकै पछि-पछि हिँड्दै थिए। सबै मानिसहरू कराउँदै थिए,
"'उहाँको प्रशंसा गर!' 'स्वागत गर! परमेश्वरले उहाँलाई आशीर्वाद गरून् जो परमप्रभुको नाउँमा
आउनु हुँदैछ!' [10] "हाम्रा पिता दाऊदको राज्यलाई परमेश्वरले आशीर्वाद दिऊन्। जुन राज्य आउनेछ।
स्वर्गको परमेश्वरलाई प्रशंसा!"

- येशू गधामाथि बस्नुभयो र येरूशेलमको शहरतर्फ लाग्नुभयो ।

- परमेश्वरले अगमवक्ताहरूमार्फत भनेजस्तै येशू जेरूशेलममा गधामार्फत आउनुभयो ।

- येशू जेरूशलेमतर्फ गइरहनुहुँदा मानिसहरुले उहाँको जयजयकार गरे ।

- मानिसहरूले किन येशूको जयजयकार गरे र दाऊदको आइरहेको राज्यको निम्ति आनन्द मनाए ।

- किनभने मानिसहरूले भनी ठानेकी येशूले तिनीहरूलाई रोमीहरूको दासत्वबाट छुटकारा दिलाउनुहुनेछ भनी तिनीहरूले ठाने ।

- के येशू मानिसहरूलाई रोमीहरूको दासत्वबाट छुटकारा दिन जेरूशेलम जाँदै हुनुहुन्थ्यो ?
- होइन ।

- येशू किन येशू येरूशलेम जानुभयो ?

- येशू मानिसहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट छुटाउन जेरूशेलम जाँदैहुनुहुन्थ्यो ।